स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापाको निर्देशनमा बनेको फिल्म माया भनेकै यस्तो होला को प्रदर्शन मिति घोषणा गरिएको छ। निर्माण पक्ष र वितरकहरूबीच भएको आपसी सहमति र सम्झौता अनुसार यो फिल्म आगामी भदौ २६ गतेबाट देशभरका सिनेमाघरमा प्रदर्शनमा आउने भएको हो। तीजको अवसर पारेर प्रदर्शनमा आउने जानकारी दिए पनि आधिकारिक मिति भने तय गरेको थिएन।

आजको विचार...



के...
(दुई पेजमा)

बिनोद रेग्मी



नेपाली अभिनेता अनुपविक्रम शाहीले बलिउड फिल्म "मातृभूमि"को डबिङ सकेका छन्। सलमान खान फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा सलमान र अनुपविक्रम मुख्य भूमिकामा देखिनेछन्। पश्चिम मुम्बईको अँधेरीस्थित अम्पायर अडियो स्टुडियोमा अनुपले डबिङ गरेका हुन्। फिल्मको प्रदर्शन मिति भने अहिलेसम्म घोषणा गरिएको छैन। "मातृभूमि" भारतको स्वतन्त्रता दिवसको आसपास रिलिज हुने सम्भावना रहेको बताइएको छ।

❒ वर्ष ३१ ❒ अंक २६७ ❒ २०८३ बैशाख १३ गते आइतबार 26 April 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तानसेनमा विद्यार्थीले गरे संसदीय अभ्यास

## अभ्यासमा 'संसदकै झल्को'

**कृष्ण पोखरेल**

**पाल्पा,** बैशाख १२/जिल्लाको तानसेनमा रहेको देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयका विद्यार्थीले संसद्कै झल्को दिने गरी संसदीय अभ्यास गरेका छन् । संसद् बैठकमा जस्तै सभामुखको आसनदेखि सत्ता पक्ष, प्रतिपक्षका सिटको व्यवस्थासहित गरिएको नमुना युवा संसद कार्यक्रममा विद्यार्थीले संसद् बैठकको झल्को दिने गरी प्रस्तुति गरेका हुन् ।

करिब दुई घन्टा चलेको नमुना संसदमा शून्य समय, विशेष समयदेखि कानुन निर्माणका प्रक्रियासमेत भएका थिए । सांसदको भूमिकाबाट सैद्धान्तिक तथा दफावार छलफलका प्रस्तुति विद्यार्थीले राखेका थिए । सत्तापक्ष, प्रतिपक्ष, सभामुखदेखि विभिन्न भूमिकासहितको नमुना संसदमा केही विद्यार्थीको प्रस्तुति त सांसदहरूकै जस्तै थियो । अभ्यासमा विद्यालयका कक्षा ६ देखी ११ कक्षा सम्म अध्ययन गर्ने बालबालिकाले संघीय संसदमा हुने सबै किसिमका नियय, प्रक्रिया पालना गर्दै कार्यक्रम सञ्चालन गरेका थिए । विद्यार्थीहरुले सभामुख, उप-सभामुख, संसद सचिवालयका कर्मचारी, प्रधानमन्त्री, मन्त्रीहरु, संसदीय दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक, सत्तापक्ष सांसद, प्रतिपक्ष सांसद, मर्यादापालक, दर्शक र पत्रकारको भूमिका निर्वाह गरे । सभामुखको भूमिकामा रहेकी स्वस्तिका पाण्डे संसद भवनमा प्रवेश गर्ने वित्तिकै राष्ट्रिय गान बजेको थियो । संसद भवनमा राष्ट्रिय गान पछि सभामुखको भूमिकामा रहेकी पाण्डेले शुन्य समय शुरु गरिन् । शुन्य समयमा सांसद रुपी बालबालिकाहरुले सार्वजनिक महत्वका विषयमा एक/एक मिनेट आ-आफ्ना धारणा राख्दै सरकारको ध्याना आर्कषण गराए । संसदमा उठेका विषयबस्तु तत्काल कार्यान्वयन गरी जनतालाई राहत दिन युवा सांसदहरुले माग गरे । सभामुख पाण्डेले शुन्य समयमा उठेका प्रश्नहरुको जवाफ दिने सम्बन्धित मन्त्री नभएको बताउदै शुन्य समय सकिएको घोषणा गरिन । सभाहलमा भएको यस्ता गतिविधिले बालबालिकादेखी शिक्षक शिक्षिकाहरुलाई संसद् भवन भित्रै रहेको महशुस गराएको थियो । संसदमा बालबालिकाले संकल्प प्रस्ताव समेत पेश गरे । सत्ता पक्षका सांसदले शिक्षामा सबै नागरिकहरुको समान पहुँच अवसर सुनिश्चत गर्न शिक्षा नीति र कानुन संसोधन गर्ने विषयमा सकल्प प्रस्ताव पेश गरे । शिक्षा सम्बन्धी संकल्प प्रस्तावमा बालबालिकाहरुले सक्षापक्ष र प्रतिपक्षी सांसदको रुपमा पक्ष र विपक्षमा कुराहरु राखे । सत्तापक्ष र प्रतिपक्ष संसदले राखेका प्रश्न तथा जिज्ञासाको शिक्षा मन्त्रीले जवाफ दिए । शिक्षा मन्त्रीले शिक्षामा समान अवसर र पहुँचको लागि संकल्प प्रस्ताव पारित गर्नुपर्ने आवश्यतका रहेको बताउँदै सभामुखलाई टेवल गर्न अनुरोध गरे । नमुना संसदमा सभामुखले शिक्षा नीतिको संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन् । संकल्प प्रस्तावको पक्षमा बहुमत भएपछि सभामुखले संकल्प प्रस्ताव पारित भएको घोषणा गर्दै अर्को सूचना नभए सम्मका लागि संसदको बैठक स्थगित भएको घोषणा गरिन । ससंदीय अभ्यास, संसद सञ्चालन गर्ने नीति नियम, प्रक्रिया विधिको बारेमा प्रत्यक्ष रुपमा आफै अभ्यास गर्न पाएको, शुन्य समयदेखी विधेयक प्रस्तुती, संसदले कुरा राख्ने तरिका, विधेयक माथिको बहसको बारेमा प्रत्यक्ष रुपमा जान्ने अवसर पाएको विद्यालयका छात्र संयोग बस्यालले बताए । भोलीको दिनमा राजनीति शास्त्र पढेर राजनीति गरेमा पनि नमुना युवा संसद कार्यक्रमले नयाँ बाटो सिकाएको उनले बताए । संसदमा सभामुखदेखी सांसद सम्मको फरक-फरक भुमिकाले विद्यालयका बालबालिकालाई अझै कर्तव्यवोध बनाएको छ, । तोकिएको जिम्मेवारी तथा पदिय दायित्व निर्वाह गर्दा निकै संयमित, अध्यनशिल, नियम कानुनदेखी संविधान सम्मका कुराहरुलाई ध्यान दिएर काम गर्नु पर्दो रहेछ भन्ने नयाँ सिकाई भएको नमुना युवा संसदमा सभामुखको भुमिकामा रहेकी छात्रा स्वस्तिका पाण्डेले बताईन् । -बाँकी अन्तिम पेजमा...




## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा १३ को मृत्यु

(रासस/एएफपी)

**गाजा शहर,** वैशाख १२/प्यालेस्टिनी क्षेत्रका विभिन्न स्थानमा प्रहरीलाई लक्षित गरी भएको इजरायली आक्रमणमा कम्तिमा १३ जनाको मृत्यु भएको गाजाको नागरिक रक्षा एजेन्सीले जनाएको छ । अक्टोबरको युद्धविरामको बावजुद, इजरायली आक्रमण जारी रहँदा गाजाले दैनिक हिंसाको सामना गर्न बाध्य छ भने इजरायली सेना र हमास दुवैले एकअर्कालाई युद्धविराम तोडेको आरोप लगाएका छन् । खान युनिसको अल-मवासी क्षेत्रमा भएको इजरायली हवाई आक्रमणमा एक बालकसहित आठ जनाको मृत्यु भएको र अन्य धेरै घाइते भएको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ । उत्तरी गाजाको बेत लाहियाको कमल अदवान अस्पताल नजिकैको आवासीय घरमा भएको इजरायली आक्रमणमा आमा र दुई बच्चासहित तीन जनाको मृत्यु भएको जनाइएको छ । इजरायली विमानले गाजा सहरको प्रहरी गस्तीमा प्रहार गर्दा दुई जना प्रहरी अधिकारीको ज्यान लिएको अन्य दुई जना घाइते भएको जनाइएको छ । गाजाको अल-सिफा र नासेर अस्पतालले पीडितहरुको नाम प्रकाशित गर्दै मृत्युकको सङ्ख्या पुष्टि गरेको छ । युद्धविराम सुरु भएदेखि कम्तिमा ७९२ जना प्यालेस्टिनीहरुको मृत्यु भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# बाबुको हत्या आरोपमा छोरा पक्राउ



**बुटवल,** वैशाख १२/ रुपन्देहीको कञ्चन गाउँपालिका-४ बेलडाँडामा बाबुको हत्या अभियोगमा एक जना पक्राउ परेका छन् । बेलडाँडाका ५८ वर्षीय जंगबहादुर थारुलाई हत्या गरेको आरोपमा उनकै २४ वर्षीय छोरा सुनिल थारु पक्राउ परेका हुन् ।

घरायसी विवादमा शुक्रबार छोराले बाबुको घाँटी बटारेर हत्या गरेको रुपन्देही प्रहारीले जानकारी दिएको छ । घाँटी बटारिएपछि बेहोस भएका बाबुलाई छिमेकीले तत्काल कपिलवस्तुस्थित पिपरा अस्पताल पुऱ्याएका थिए । तर, त्यहाँ पुग्दा उनको मृत्यु भइसकेको थियो । कुटपिटको घटना स्थानीयले प्रहरीलाई जानकारी दिएपछि रुद्रपुर प्रहरी कार्यालयबाट खटिएको प्रहरीले सुनिललाई पक्राउ गरेको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# लुम्बिनी रोड रेस प्रतियोगितामा नेपाली सेनाका खड्का र न्यौपाने विजयी

**घोराही (दाङ),** वैशाख १२/'दोस्रो लुम्बिनी राष्ट्रिय खुला पुरुष तथा महिला १० किलोमिटर रोड रेस प्रतियोगिता-२०८३' मा पुरुषतर्फ नेपाली सेनाका खड्गबहादुर खड्का र महिलातर्फ पूर्णलक्ष्मी न्यौपाने विजयी बनेका छन् । लुम्बिनी प्रदेश खेलकुद परिषद्को आयोजनामा शनिबार घोराहीमा भएको प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ नेपाली सेनाका खेलाडी पहिलो बन्न सफल भएका हुन् ।

प्रतियोगितामा पुरुषतर्फ खड्काले निर्धारित १० किलोमिटर दूरी ३० मिनेट ३३ सेकेन्डमा र महिलातर्फ सेनाकै न्यौपानेले ३६ मिनेट ३३ सेकेन्डमा दूरी पार गर्न सफल भए । पहिलो बनेका खड्का र न्यौपानेले समान ८० हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । त्यसैगरी प्रतियोगितामा पुरुषतर्फ सशस्त्र प्रहरीका रुपेश कार्की ३१ मिनेट १३ सेकेन्डका साथ दोस्रो हुँदा नेपाली सेनाकै उमेश थापा ३१ मिनेट ५२ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो स्थानमा हुन सफल हुनुभयो । महिलातर्फ सेनाकै निर्मला केसीले ३७ मिनेट ४५ सेकेन्डका साथ दोस्रो हुँदा सम्झना गुरुङवान ३९ मिनेट १२ सेकेन्डमा दूरी पार गर्दै तेस्रो स्थान लिन सफल भए ।

-बाँकी अन्तिम पेजमा...



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

## सम्पादकीय

# भूकम्पको ११ वर्ष

विनाशकारी गोरखा भूकम्प गएको ११ वर्ष पूरा भएको छ । २०७२ वैशाख १२ गते दिनको १२ बजे नेपालमा ठूलो भुइँचालो गएको थियो । यसलाई मध्यनजर राखेर प्रत्येक वर्ष वैशाख १२ गतेलाई सम्झने गरिन्छ । यस वर्ष पनि शनिबार भूकम्पको स्मरण गरिएको छ । त्यति बेला भूकम्पले झण्डै नौ हजार नेपालीको ज्यान लिएको थियो । उक्त भूकम्पका कारण लाखौंको संख्यामा निजी घरहरु ध्वस्तसमेत भएका थिए । विद्यालयदेखि स्वास्थ्य संस्थाहरुसम्मलाई क्षतविक्षत बनाउन पुगेको उक्त भूकम्पले झण्डै एक हजारको संख्यामा पुरातात्विक सम्पदाहरुलाई नोक्सान पुऱ्याएको थियो । त्यसबेला भत्किएका भौतिक संरचनाहरु आज पनि पूर्णरुपले ठडिएका छैनन् । त्यस दिनको त्रासदी नेपालीको मन–मस्तिष्कबाट अझै हराएको छैन । नेपाल भूकम्पीय जोखिमका दृष्टिले उच्च जोखिममा रहेको विज्ञहरुले बताएका छन् ।

जोखिम उच्च भएका आधारमा त्यसबाट बच्न र न्यूनीकरण गर्न आधिकारिक निकायबाट ठोस पहल भएको छैन । २०७२ सालमा देशले भोगेको महाविनाशकारी भूकम्पलाई हरेक वर्ष स्मरण गर्ने गरिए पनि त्यस जोखिमलाई न्यूनिकरण गर्ने दिशामा भने कसैको पनि ध्यान जान सकेको छैन् । यो अत्यन्त दुःखको कुरा हो । वर्तमान समयमा अव्यवस्थित तरिकाले विस्तार हुँदै गएको सहरीकरणसँगै जथाभावीरुपमा निर्माण भएका संरचनाहरुले भूकम्पीय जोखिमलाई निम्ताएको छ ।आचारसंहिता विपरीत बनाइएका भौतिक संरचनाहरू, साँघुरा र अव्यवस्थित सडकहरू, सहरी क्षेत्रमा पर्याप्त खुला ठाउँको अभाव लगायतका कारणले गर्दा पनि नेपालका अधिकांश सहर भूकम्पीय जोखिममा छन् । भूकम्पीय क्षतिबाट बच्नका निम्ति आमजनतामा व्यापक भूकम्पीय सुरक्षा सचेतना आवश्यक पर्नेमा दुई मत छैन । भूकम्प जाँदा अपनाउनु पर्ने सुरक्षा मापदण्ड तथा तौरतरिकाका सम्बन्धमा जनतालाई प्रशिक्षित गराइनु अति आवश्यक छ । भूकम्प जहिले पनि जान सक्छ र सबैभन्दा सुरक्षित घर बनाएर बसेका व्यक्ति पनि बाहिर निस्केका बेला भूकम्पको मारमा पर्न सक्छन् । पुरै समाजमा भूकम्प चेतना अभिवृद्धि नगरी र निर्माण मापदण्डलाई स्तरीय नबनाई हामी यो सामूहिक जोखिमबाट बँच्न सक्दैनौं । भूकम्पबाट हुनसक्ने क्षतिलाई ध्यानमा राखेर भौतिक संरचनाहरू निर्माणमा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

मिहिनेत गरौं, आर्जन गरौं, एउटा स्थानमा पुगौं..
किनकी केही नगर्दापनि माया गर्ने बस् आमामात्र हुन्छिन् ।
*(दिपक पाठकको फेसबुक स्टाटसबाट www.facebook.com/Deepak.Pathak)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के निजी विद्यालयहरू नाफा प्रेरित मात्र हुन ?



## बिनोद रेग्मी

> *बढ्दो बजार मूल्य, आधुनिक प्रविधिको तीव्र विकास र परिवर्तनशील शिक्षा प्रणालीका कारण विद्यालय सञ्चालन दिनप्रतिदिन जटिल र चुनौतीपूर्ण बन्दै गएको छ । विशेषगरी संस्थागत विद्यालयहरूले गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गर्न निरन्तर नयाँ प्रविधि, उपकरण र अद्यावधिक पाठ्यक्रम अवलम्बन गरिरहेका छन् । हालका वर्षहरूमा धेरै संस्थागत विद्यालयहरूले अन्तर्राष्ट्रिय स्तरका पाठ्यक्रम, सुसज्जित कम्प्युटर प्रयोगशाला, मोबाइल लर्निङ प्रणाली तथा प्रविधिमा आधारित शिक्षण विधिहरू समावेश गरेका छन् ।*

नेपाल सरकारले निजी क्षेत्रलाई समेत शिक्षा सञ्चालनको आधार बनाउँदै कम्पनी मोडलमा लगेपछि नेपालमा संस्थागत विद्यालयहरू सहरी क्षेत्रमा तीव्र रूपमा विस्तार हुँदै संस्थागत (निजी) विद्यालयहरू शिक्षा प्रणालीको एक महत्वपूर्ण हिस्सा बनेका छन् । गुणस्तरीय शिक्षाको एक प्रमुख विकल्पका रूपमा स्थापित भएका छन् । यी विद्यालयहरूले अंग्रेजी माध्यम शिक्षा, आधुनिक प्रविधि प्रयोग, अनुशासित शैक्षिक वातावरण तथा विविध अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यी विद्यालयहरूले शैक्षिक नवप्रवर्तनमा उल्लेखनीय योगदान पुऱ्याएका भए पनि नीति परिवर्तनको अनिश्चितता तथा शुल्क नियमनसम्बन्धी अस्पष्टताले संस्थागत विद्यालयहरूको दीर्घकालीन स्थायित्वमा केही चुनौती सिर्जना गरेको छ । यद्यपि बढ्दो सञ्चालन लागत, नीतिगत अस्थिरता र सामाजिक आलोचनाका कारण यिनीहरू विभिन्न चुनौतीहरूको सामना गर्दै गम्भीर मोडमा पुगेको अनुभव गरिरहेका छन् ।

**१. के संस्थागत विद्यालयहरू नाफा प्रेरित मात्र हुन ?**

संस्थागत विद्यालयहरूले व्यक्तिगत लगानी तथा ऋणको समुचित प्रयोग गरी सरकारबाट कुनै किसिमको आर्थिक सहयोग वा सहुलियतबिना सहज र विषम दुवै परिस्थितिमा शिक्षामा पहुँच र गुणस्तर दुवैमा योगदान गरेका छन् । संस्थागत विद्यालयहरूले गुणस्तरीय शिक्षा चाहने, व्यस्त परिवार तथा सरकारी विद्यालयमा पुग्न नसक्ने परिवारका लागि वैकल्पिक अवसरहरू निर्माण गरेका छन् । त्यसैगरी संस्थागत विद्यालयहरूले आफ्नै स्रोतमा कमजोर आर्थिक अवस्थाका र जेहेन्दार विद्यार्थीहरूका लागि हरेक वर्ष १० प्रतिशतभन्दा बढी छात्रवृत्ति दिने गरेका छन् । साथै संस्थागत विद्यालयहरूले शुल्क लिएर समाजमा गुणस्तरीय शिक्षा पनि दिइरहेका छन् । त्यसैले पनि नेपाली संस्थागत विद्यालयहरू सेवा र व्यवसाय दुवै हुन् र यसलाई नाफा प्रेरित मात्र भनी व्यवहार गर्नु अन्याय हुन्छ । नेपालको हरेक नीति–कानुनले समेत संस्थागत विद्यालयहरूलाई देशको शिक्षा क्षेत्रको अभिन्न अंग भनी व्याख्या गरेको छ । संस्थागत विद्यालयमा रहेका समस्याहरूलाई सम्बन्धित सरोकारवालाको समन्वयमा सुधार गर्न सके संस्थागत विद्यालयहरू सामाजिक सेवाका उपभोक्ता र शिक्षार्थीका मागलाई ख्याल गर्दै गुणस्तरीय शिक्षा कायम गर्न अझ बढी लगानी र मेहनत गर्ने प्रयास गर्नेछन् ।

**२. के निजी विद्यालयहरूमा आर्थिक चुनौती छैन ?**

संस्थागत विद्यालयहरूले सरकारी विद्यालयको तुलनामा बढी आर्थिक भार वहन गर्नुपर्ने अवस्था देखिन्छ । पछिल्ला वर्षहरूमा शिक्षामा देखिएको मुद्रास्फीतिले यस दबाबलाई अझ बढाएको छ । अन्तर्राष्ट्रिय स्तर–जस्तै अस्ट्रेलिया र युरोपसँग तुलना गर्दा नेपालमा पनि शिक्षण सामग्री (पुस्तक, प्रविधि तथा उपकरण) र शिक्षक तलब क्रमशः महँगो हुँदै गएको छ । यसका कारण विद्यालयहरूले शिक्षक तलब वृद्धि, भवन भाडा, पूर्वाधार सुधार तथा गुणस्तरीय सेवा सुनिश्चित गर्न आवश्यक अन्य खर्चहरू धान्नुपर्ने भएकाले शुल्क वृद्धि अपरिहार्य जस्तो देखिएको छ । सरकारले शिक्षकको न्यूनतम तलब ३२ हजार रूपैयाँ निर्धारण गरेको भए पनि धेरै संस्थागत विद्यालयमा शिक्षकहरूले अझै १५ हजारदेखि ३० हजार रूपैयाँसम्म मात्र तलब पाउने अवस्था छ । यसले एकातर्फ शिक्षकको जीवनस्तरमा चुनौती सिर्जना गरेको छ भने अर्कोतर्फ विद्यालय व्यवस्थापन पनि आर्थिक दबाबमा परेको देखिन्छ । समग्रमा, बढ्दो जीवनयापन खर्च, शिक्षण सामग्रीको महँगी र अन्तर्राष्ट्रिय स्तर अनुसारको गुणस्तर कायम गर्नुपर्ने दायित्वका कारण संस्थागत विद्यालयहरू गम्भीर आर्थिक चुनौती सामना गरिरहेका छन् । आर्थिक चुनौती नबुझी वा बुझ्ने प्रयास नगरी संस्थागत विद्यालयलाई एकोहोरो रूपमा खराब देखाउने प्रवृत्ति, माफियाकरण वा लुटेरा जस्तो व्यवहार गर्ने प्रवृत्तिले अन्ततः समाज र देशलाई नै हानि गर्छ।

**३. के सबै विद्यालयलाई एउटै मापदण्डमा राख्न मिल्छ ?**

सबै विद्यालयलाई एउटै मापदण्डमा राखेर मूल्यांकन गर्नु उपयुक्त हुँदैन । विद्यालयको स्थान, उद्देश्य, स्रोत-साधन तथा सेवास्तर अनुसार तिनको संरचना, सुविधा र शुल्क फरक फरक हुन्छ । उदाहरणका लागि, केही उच्चस्तरीय वा विशेष प्रकृतिका विद्यालयहरू–जस्तै सानो कक्षा आकार, अन्तर्राष्ट्रिय पाठ्यक्रम र उन्नत सिकाइ वातावरण भएकामा शुल्क स्वाभाविक रूपमा उच्च हुन्छ । यस्ता विद्यालयहरूमा अत्याधुनिक प्रयोगशाला, समृद्ध पुस्तकालय, प्रविधिमैत्री कक्षा र अंग्रेजी माध्यममा शिक्षण जस्ता सुविधाहरू उपलब्ध हुन्छन् । अर्कोतर्फ, सीमित पुँजी र स्रोत भएका साना संस्थागत विद्यालयहरू वा ग्रामीण क्षेत्रका विद्यालयहरूमा शुल्क तुलनात्मक रूपमा कम हुन्छ । युनेस्कोले पनि गुणस्तरीय शिक्षा कुनै एकल पक्ष (सरकारी वा निजी) को विशेषाधिकार होइन र संस्थागत विद्यालय क्षेत्रमा व्यापक विविधता पाइन्छ भन्ने कुरामा जोड दिएको छ । यसले सबै संस्थागत विद्यालयलाई एउटै स्तरमा राखेर मूल्यांकन गर्न नमिल्ने तथ्य स्पष्ट पार्छ । नेपालकै सन्दर्भमा पनि केही विद्यालयहरू, जस्तै सेन्ट जेभियर्स र बुढानिलकण्ठ स्कुल, सरकारी जग्गा र सहयोग प्राप्त गरे पनि समकालीन संस्थागत विद्यालयभन्दा निकै महँगा छन् । तथापि उच्चस्तरीय सेवा र सुविधा प्रदान गर्ने रूपमा चिनिन्छन् । स्थानीय तहहरूले पनि विद्यालयले प्रदान गर्ने सुविधा, पूर्वाधार र सेवास्तरका आधारमा नियमित रूपमा शुल्क पुनरवलोकन गरी निर्धारण वा स्वीकृति दिने अभ्यास अपनाउनुपर्छ । यसैबीच, सामुदायिक विद्यालयहरूमा शिक्षण निःशुल्क भए पनि अंग्रेजी माध्यम अभ्यास, आधुनिक प्रविधि प्रयोग तथा स्रोत-सुविधा भएका केही विद्यालयहरूले शुल्क लिइरहेको पाइन्छ। यसैले विद्यालयको वित्तीय स्रोत, उद्देश्य र लक्षित विद्यार्थी समूह अनुसार शुल्कमा भिन्नता हुनु स्वाभाविक मात्र होइन, न्यायोचित पनि मानिन्छ ।

**४. के निजी विद्यालयले हरेक वर्ष किताब परिवर्तन गर्छन ?**

विद्यालयहरूले हरेक वर्ष पाठ्यपुस्तक परिवर्तन गर्छन् भन्ने आरोप प्रायः अतिरञ्जित रूपमा प्रस्तुत हुने गरेको छ। यो धारणा आंशिक रूपमा गलत बुझाइमा आधारित देखिन्छ । पाठ्यपुस्तक परिवर्तन सामान्यतया पाठ्यक्रम सुधार, नयाँ विषयवस्तुको समावेश वा देखिएका त्रुटिहरू सच्याउन आवश्यक पर्दा मात्र गरिन्छ । वास्तवमा, पाठ्यपुस्तक परिवर्तनको मुख्य उद्देश्य पाठ्यक्रमलाई अद्यावधिक राख्नु, विषयवस्तु सान्दर्भिक बनाउनु तथा शिक्षण अझ अभ्यासमुखी बनाउनु हो । विशेषगरी विज्ञान, सूचना प्रविधि र व्यवस्थापन जस्ता विषयहरूमा ज्ञान तथा प्रविधि तीव्र गतिमा परिवर्तन भइरहन्छ । यस्तो अवस्थामा पुराना सामग्री छिट्टै अप्रासंगिक हुन सक्छन्, जसले गर्दा नयाँ तथा सुधारिएको पाठ्यसामग्री आवश्यक पर्छ । त्यसैगरी, वर्कबुक आधारित सिकाइ पद्धतिमा विद्यार्थीहरूले पुस्तकमै अभ्यास गर्नुपर्ने भएकाले ती पुस्तक पुनः प्रयोग गर्न कठिन हुन्छ र हरेक वर्ष नयाँ पुस्तक आवश्यक पर्न सक्छ । अन्तर्राष्ट्रिय अभ्यासमा पनि शिक्षण सामग्री समयानुकूल बनाइराख्न नियमित रूपमा डिजिटल कन्टेन्ट अद्यावधिक गर्ने चलन बढ्दो छ । यसले सिकाइ प्रक्रिया सान्दर्भिक, प्रभावकारी र व्यावहारिक बनाउने लक्ष्य राख्छ ।

पाठ्यक्रम सुधार आवश्यक भए पनि त्यसलाई पुस्तक व्यवसायसँग जोडेर दुरूपयोग गर्न नहुने विषयमा संस्थागत विद्यालय सजग हुन भने जरूरी रहन्छ । अर्कोतर्फ, पाठ्यपुस्तक प्रकाशन तथा वितरणको जिम्मेवारी सरकारी निकायहरूको निर्देशन अनुसार सञ्चालन हुन्छ । यस सन्दर्भमा संस्थागत विद्यालयहरू केवल आफ्नो इच्छा अनुसार पुस्तक परिवर्तन गर्ने अवस्थामा हुँदैनन् । तर उनीहरूले सरकारी नीति, पाठ्यक्रम सुधार, समयानुकूल सीप र ज्ञानमा भएको परिवर्तन अनुसार पुस्तक थप वा परिवर्तन गर्नु अधिकार र दायित्व दुवै हुन् । यसैले पाठ्यपुस्तक परिवर्तनलाई केवल अनावश्यक खर्चको रूपमा मात्र हेर्नु उपयुक्त हुँदैनह बरु यसलाई गुणस्तरीय र समयसापेक्ष शिक्षाको एक महत्वपूर्ण अङ्कका रूपमा बुझ्न आवश्यक छ ।

**५. के वर्तमान लागतमा निजी विद्यालय सञ्चालन सम्भव छ ?**

बढ्दो बजार मूल्य, आधुनिक प्रविधिको तीव्र विकास र परिवर्तनशील शिक्षा प्रणालीका कारण विद्यालय सञ्चालन दिनप्रतिदिन जटिल र चुनौतीपूर्ण बन्दै गएको छ । विशेषगरी संस्थागत विद्यालयहरूले गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गर्न निरन्तर नयाँ प्रविधि, उपकरण र अद्यावधिक पाठ्यक्रम अवलम्बन गरिरहेका छन् । हालका वर्षहरूमा धेरै संस्थागत विद्यालयहरूले अन्तर्राष्ट्रिय स्तरका पाठ्यक्रम, सुसज्जित कम्प्युटर प्रयोगशाला, मोबाइल लर्निङ प्रणाली तथा प्रविधिमा आधारित शिक्षण विधिहरू समावेश गरेका छन् । यस्ता पहलहरूले सिकाइको गुणस्तर र नतिजामा सकारात्मक प्रभाव पार्ने भए पनि यसका लागि थप आर्थिक लगानी आवश्यक पर्छ । प्रतिस्पर्धात्मक शैक्षिक वातावरणले संस्थागत विद्यालयहरूको विकास र विस्तारलाई थप मजबुत बनाउँदै भविष्यमा यसको सम्भावना अझ सकारात्मक देखिन्छ । निजी विद्यालयले गुणस्तर, नवप्रवर्तन र प्रतिस्पर्धा ल्याउँछन् भने सामुदायिक विद्यालयले पहुँच र समावेशिता सुनिश्चित गर्छन्। दुवैबीच सहकार्य, स्पष्ट नीति र सन्तुलित नियमनमार्फत मात्र नेपालको शिक्षा प्रणालीलाई दीगो, समतामूलक र गुणस्तरीय बनाउने सम्भावना रहन्छ । यसका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य र स्पष्ट नीतिगत वातावरण अत्यावश्यक रहनेछ ।

*-सेतोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : काममा नयाँ जोश देखिनेछ। जिम्मेवारी पूरा गर्दा सन्तुष्टि मिल्नेछ।
**वृष** : पारिवारिक सहयोगले हौसला बढ्नेछ। धनसम्बन्धी योजना सफल बन्न सक्छ।
**मिथुन** : विचारमा स्पष्टता ल्याउन आवश्यक देखिन्छ।नयाँ अनुभव दिलाउनेछ।
**कर्कट** : धैर्यताले काममा सफलता ल्याउनेछ। व्यापारमा सन्तोषजनक आम्दानी हुनेछ।
**सिंह** : नयाँ जिम्मेवारी सम्हाल्ने अवसर मिल्नेछ। सिर्जनात्मक काममा रुचि बढ्नेछ।
**कन्या** : मेहनतले अपेक्षित परिणाम दिन सक्छ। सहकर्मीको सुझाव उपयोगी बन्नेछ।
**तुला** : आर्थिक पक्षमा सुधार आउनेछ। नयाँ सम्बन्ध बन्न सक्ने सम्भावना छ।
**वृश्चिक** : योजना अघि बढाउन समय अनुकूल छ। दाम्पत्य जीवन सुमधुर रहनेछ।
**धनु** :नयाँ अवसरले भविष्य उज्ज्वल बनाउनेछ। यात्राले ज्ञान विस्तार गर्नेछ।
**मकर** : परिश्रमले सफलता दिलाउनेछ। आर्थिक अवस्थामा सुधार आउनेछ।
**कुम्भ** : नयाँ सोचले कार्यक्षेत्रमा उन्नति ल्याउनेछ। साथीभाइको साथ उपयोगी बन्नेछ।
**मीन** : मनमा शान्ति र सन्तुष्टि रहनेछ।सृजनात्मक काममा रुचि बढ्नेछ।

**कृषि**

# रासायनिक मलको समस्या समाधान गर्न सक्छ परराष्ट्र मन्त्रालयले ?




पश्चिम एसियामा जारी द्वन्द्वका कारण नेपालमा रासायनिक मलको अभाव हुन थालेको छ । नेपालसँग १ लाख ५० हजार मेट्रिकटन मल मौज्दात छ । यतिले नपुग्ने भएपछि सरकारले मलका लागि कूटनीतिक पहल थालेको छ । भारत, चीन, बंगलादेश लगायतका देशबाट भए पनि रासायनिक मल ल्याउने पहल सरकारले थालेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चैत १९ गते भारतलाई रासायनिक मलको सहज आपूर्तिका लागि पत्र पठाएको छ । मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले मलका लागि भारतलाई पत्र पठाइएको बताए । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले कृषिमन्त्री गीता चौधरीसँग भेटेर यसबारे छलफलसमेत गरेका छन् । भारतीय राजदूत श्रीवास्तवले नेपाललाई मल उपलब्ध गराउन आफूले पहल गर्ने आश्वासन दिएको कृषि मन्त्रालयका अधिकारीहरू बताउँछन् । परराष्ट्र मन्त्रालयमार्फत नेपालस्थित भारतीय दूतावासलाई समेत पत्र पठाइएको छ । पत्रको बारेमा आवश्यक अध्ययन भइरहेको जानकारी दूतावासबाट प्राप्त भएको सहसचिव श्रेष्ठले बताए । कृषिमन्त्री चौधरीले रासायनिक मलको आपूर्तिमा देखिएको असहज अवस्थाबारे परराष्ट्रमन्त्री शिशिर खनाललाई भेटेर छलफल गरेकी छन् । रासायनिक मलका लागि कूटनीतिक पहल गर्न कृषिमन्त्री चौधरीले परराष्ट्रमन्त्री खनाललाई आग्रह गरेकी हुन् । खाडी मुलुकमा जारी द्वन्द्वका कारण मल आपूर्तिमा समस्या देखिएको भन्दै मन्त्री चौधरीले तत्कालै मल ल्याउन कुनै देशसँग जीटुजी सम्झौता गर्नुपर्ने खाँचो औँल्याएको बताइएको छ । नेपालसँग रहेको रासायनिक मलले असारसम्म मात्र धान्न सक्ने भएकाले त्यसअघि नै मलको व्यवस्थापन गर्नुपर्ने देखिएकाले कृषि मन्त्रालयको भनाइ छ । मन्त्रालयले भारतसँग एक लाख ५० हजार मेट्रिकटन मल माग गरेको छ । भारतसँग यसअघि नै जीटुजी प्रक्रियाबाट मल ल्याउने सहमति भइसकेको थियो । त्यसमध्ये नेपालले थोरैमात्र मल ल्याएको छ । बाँकी मल दिन नेपालले आग्रह गरे पनि भारतीय पक्षले त्यो सहमतिको म्याद गुज्रिसकेका हुनाले नयाँ प्रक्रियाबाट जान भनेको मन्त्रालय स्रोतले जनायो । २०७८ को अन्त्यतिर सरकारका तर्फबाट तत्कालीन कृषि सचिव डा. गोविन्दप्रसाद शर्मा र भारतका तर्फबाट रसायन तथा मलखाद मन्त्रालयका सचिव राजेशकुमार चतुर्वेदीले जीटुजी समझदारीपत्रमा हस्ताक्षर गरेका थिए । सो समझदारीको समय सीमा अझै बाँकी रहेकाले बाँकी मल दिनुपर्ने कृषि मन्त्रालयको दाबी छ । सम्झौता अनुसार सन् २०२२/०२३ मा १ लाख मेट्रिक टन युरिया र ५० हजार मेट्रिक टन डीएपी गरी कुल १ लाख ५० हजार मेट्रिक टन खरिद गरिने उल्लेख थियो । सन् २०२३/०२४ मा १ लाख २० हजार मेट्रिक टन युरिया र ९० हजार मेट्रिक टन डीएपी गरी २ लाख १० हजार मेट्रिक टन तथा सन् २०२४/२०२५ मा १ लाख २० हजार मेट्रिक टन युरिया र ९० हजार मेट्रिक टन डीपीए गरी २ लाख १० हजार मेट्रिक टन मल खरिद गरिने सम्झौता थियो । तर सम्झौता अनुसार नेपालले मल ल्याउन सकेन । अहिले त्यही सम्झौता अनुसार मल उपलब्ध गराउन भारत सरकारसँग आग्रह गरिएको मन्त्रालयको भनाइ छ । मन्त्रालयका अनुसार एक लाख ५० हजार मेट्रिक टन मल तत्कालै चाहिएको छ । पश्चिम एसियामा जारी द्वन्द्वका कारण भारतमा पनि मलको अभाव छ । तर भारतले कूटनीतिक माध्यमबाट त्यसलाई व्यवस्था गरिरहेको र नानो युरिया ( झोल) मल आफैँले उत्पादन गरिरहेको कारण द्वन्द्वले त्यति फरक पारेको छैन । चीनमा मलको समस्या छैन । चीनमा कोइलाबाट मल उत्पादन गरिरहेको कारण त्यहाँको रासायनिक मल अभाव छैन । कृषि मन्त्रालयका एक सहसचिवले भने, 'मल चीनबाट पनि ल्याउन सकिन्छ, तर चीनबाट ल्याउने प्रक्रिया झन्झट भएको कारण तत्कालै त्यतातिर पहल भएको छैन ।' कृषि मन्त्रालयले पहिलो प्राथमिकतामा भारतलाई राखेको छ । भारतबाट नभएको खण्डमा मात्र अरू देशसँग कुराकानी गरेर ल्याउने योजना रहेको स्रोत बताउँछ । मन्त्रालयका अनुसार चीन, बंगलादेशसँग पनि अनौपचारिक छलफल भइरहेको छ । विभिन्न सम्भावनाबारे चर्चा भए पनि कहाँबाट ल्याउने भन्नेबारे निश्चित नभएको कृषि मन्त्रालयका अधिकारीहरू बताउँछन् । अहिले नेपालमा देखिएको मलको समस्या कूटनीतिक माध्यमबाट मात्र समाधान हुने देखिएको छ । ग्लोबल टेण्डरमार्फत मल खरिद हुने गरेकोमा पछिल्लो समय दुई वटा टेण्डर रद्द भइसकेको छ । जारी द्वन्द्वका कारण कुनै पनि ढुवानी कम्पनीले टेण्डर भर्न मानिरहेका छैनन् । त्यस अवस्थामा कुनै देशसँग जीटुजी गरेर नै मल ल्याउनुपर्ने भएकाले सरकारले त्यसका लागि कूटनीति पहल थाल्नुपर्ने कृषि मन्त्रालयका अधिकारी बताउँछन् ।


*-रातोपाटी डटकम*

# विषादीरहित तरकारी उत्पादनमा किसान



कैलाली यहाँका किसान विषादीरहित प्राकृतिक तरकारी उत्पादनमा लागेका छन् । मानव स्वास्थ्य र माटो संरक्षणका लागि यहाँका एक सय ४० किसानले विषादीरहित तरकारीखेती गर्न थालेका हुन् । विषादीको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने बुझेपछि प्राकृतिक तरकारी खेतीतर्फ लागेको किसानहरू बताउँछन् । ती किसानले आठ वटा कृषक समूह बनाएर तरकारी खेती गरिरहेको जनाएका हुन् । टीकापुर-१ को वनगाउँ र शङ्करपुर, वडा नं २ को राजीपुर र सीतापुर, वडा नं ३ को घीया, वडा नं ५ नुक्लीपुरमा समूह बनाएर तरकारी खेतीतर्फ लागेका हुन् । टीकापुर-१ वनगाउँस्थित असल चमेली कृषक समूहका अगुवा किसान मीनबहादुर चौधरीले विषादी न्यूनीकरण र सुरक्षित खाद्य तत्व संरक्षणका लागि तीन वर्षदेखि खेती गर्न थालिएको बताऐ । "माटोको उर्वरा शक्ति बढाउने, बढी उत्पादन लिने र जैविक जीवाणु संरक्षण तथा स्वस्थ तरकारी उत्पादनमा जैविक प्राकृतिक खेतीमा लागेका छौँ", उनले भने, "हामीले नजानेर माटो र स्वास्थ्यमा खेलवाड गरिरहेका रहेछौँ भन्ने बुझेपछि यसतर्फ लागेका हौँ । खेतीमा रासायनिक मल र विषादी हाल्दैनौँ, घरमै जैविक विषादी बनाएर प्रयोग गरिरहेका छौँ ।" किसानले घरमै जैविक, घरेलु मल बनाउने गरेका छन् । मल बनाउन झारपात, सडेगलेका तरकारी, पिसाब आदि प्रयोग गरिन्छ । वनगाउँमा रहेको कृषक समूहमा १५ जना किसान आबद्ध छन् । यी किसान कसैले पाँच कठ्ठा त कसैले १५ कठ्ठा जमिनमा तरकारीखेती गरिरहेका छन् । यतिबेला यहाँका बारीमा काक्रा, फर्सी, लौका, भिन्डी, खुर्सानी, टमाटरलगायतको तरकारी छ । पछिल्लो समय उपभोक्ताले पनि विषादीरहित उत्पादनको महत्त्व बुझेपछि बारीमै तरकारी किन्ने आइरहेका छन् । बचेको तरकारी टीकापुर बजारमा लाग्ने हाटबजारमा बिक्री गर्ने गरिएको चौधरीले जानकारी दिए । टीकापुर नगरपालिकाले अर्गानिक तरकारीखेती गर्ने किसानको सहजताका लागि हाटबजारमा छुट्टै 'स्टल' को व्यवस्था गरिदिएको छ । यसरी अर्गानिक खेती गरे पनि बजार मूल्य अन्य तरकारी सरह हुँदा आफूहरू मर्कामा परेको किसानको गुनासो छ । किसान रुविना चौधरीले विषादीरहित र अर्गानिक तरकारीको मूल्य फरक हुनुपर्ने बताए । "हामीले मानव स्वास्थ्य र वातावरण संरक्षणमा योगदान पुग्ने गरी उत्पादन गरिरहेका छौँ, तर बजार मूल्य भने अन्य तरकारीजस्तै छ", उनि भन्छन्, "यसले हामी मारमा परिरहेका छौँ । अब सबैले हाम्रो मेहनत बुझ्नुपर्छ, विषादी नहालेको तरकारी उत्पादक किसानलाई प्रोत्साहन गर्न उपभोक्ता र सरकार पनि गम्भीर बन्नुपर्छ ।" किसानको जीविकोपार्जनमा सुधार र उपभोक्ताका स्वास्थ्य लाभका लागि प्राकृतिक तरकारीखेतीमा लाग्न सेवक नेपाल नामक संस्थाले सहयोग गरिरहेको छ । यसमा टीकापुर नगरपालिकाको पनि सहकार्य छ । सेवक नेपालका परियोजना अधिकृत प्रेम चौधरीले संस्थाले समूहमा आबद्ध एक सय ४० जना किसानलाई प्राकृतिक खेतीका लागि बीउबिजन, प्रविधि र अन्य प्राविधिक सहयोग गरिरहेको बताए । किसानलाई विषादी र रासायनिक मल प्रयोग गर्न नदिन सचेत गराउनुका साथै विकल्पका रूपमा स्थानीयस्तरमै पाइने सामग्री प्रयोग गरी झोल मल बनाउन सिकाइएको उनले जानकारी दिए । *-इहिमालय टाइम्स डटकम*

# जुम्लामा बाउन्न हेक्टर क्षेत्रफलमा फुजी स्याउको खेती



जुम्ला जिल्लामा ५२ हेक्टर क्षेत्रफलमा उच्च घनत्व भएको फुजी जातको स्याउको खेती हुने गरेको छ । यहाँका आठ वटै स्थानीय तहमा लगाएको ५२ हेक्टर क्षेत्रफलमध्ये ४० हेक्टरमा स्याउले फल दिने गरेको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिए । उनकाअनुसार यस वर्ष चार हजार ४९७ हेक्टर क्षेत्रफलमा स्याउ बिरुवा रोपिएकामा दुई हजार १६५ हेक्टर क्षेत्रफलमा स्याउ उत्पादन भएको छ । यहाँ रेड डेलिसेस, रोयल डेलिसेस, गोल्डेन, रिचा रेड, जनाथन, स्पोरलगायत विभिन्न जातका स्याउ फल्ने गरेका छन् । यहाँ उच्च घनत्वका गाला र फुजी स्याउको पनि उत्पादन हुने गरेको छ । यस वर्ष मात्र जिल्लाबाट करिब १८ हजार २४५ मेट्रिक टन उत्पादन भएको विकास कार्यालय प्रमुख अधिकारीले बताए । फुजी स्याउले राम्रो प्रतिफल दिने भएकाले किसान यो स्याउ खेतीमा आकर्षित भइरहेका छन् । जिल्लाका १९ हजार घरधुरीमध्ये करिब १६ हजार घरधुरी स्याउ खेतीमा संलग्न रहेका कृषि विकास कार्यालयले जनाएको छ । स्याउ बगैँचामा फूल फुलेर सेताम्मे हाल बगैँचामा स्याउ फुलेर सेताम्मे भएका छन् । ती फूलले यहाँको वातावरण निकै रमणीय देखिन थालेको चन्दननाथ नगरपालिका-५ मा रहेको आँखे कृषि पर्यटन अनुसन्धान उद्योगका संचालक सरोज शाहीले बताउनुभयो । "बगैँचाका स्याउ बोट फुलेर सेताम्मे भएपछि यहाँको वातावरण निकै रमाइलो देखिएको छ । चैत-वैशाखमा स्याउ फुल्ने र असोजदेखि कात्तिकमा पाक्ने गरेको छ",उनले भने । शाहीले चन्दननाथ मन्दिरको जग्गा भाडामा लिएर तीन हजार ३०० इटालियन जातको फुजी स्याउ लगाउनु भएको छ । बोटले फल दिन थालिसकेका छन् । राम्रो आम्दानी दिने भएकाले हाल जिल्लाभरि उक्त जातको स्याउ खेती फैलिएको उनको भनाइ छ ।


हिमा गाउँपालिकाका कृषि उद्यमी गोपाल रोकायाले बगैँचामा बोट फुलेर सेताम्मे भएपछि जुम्लाको वातावरण मनोरम देखिएको र कुनै समस्या नभए यसपटक राम्रो उत्पादन हुने विश्वास जागेको बताए । जिल्लाको एक नगरपालिकासहित सात पालिकाका ६० वटै वडामा स्याउ फल्ने गरेको छ । हाल फूल फुलेर स्याउ बगैँचा सेताम्मे भए पनि कालो तुसारोले फूल झारेर समस्या हुने गरेको तिला गाउँपालिका-१ का किसान सरिता रावतको भनाइ छ ।*-रासस*

# पश्चिम नवलपरासीमा व्यावसायिक मेवा खेती सुरु



नवलपरासी बर्दघाट सुस्ता पश्चिम नवलपरासीमा अर्ग्यानिक मेवा खेतीबाट प्रशस्त आम्दानी हुने गरेको छ । सुस्ता गाउँपालिका-३ रैवा निवासी ४० वर्षीय अर्जुन सहानीले जिल्लामा व्यावसायिक रूपमा मेवा खेती सुरु गरी हालसम्म रु तीन लाख आम्दानी गरेका हुन् । कोरियाको वैदेशिक रोजगारीबाट फर्किएपछि परिवारसँग मिलेर अर्ग्यानिक मेवा खेती गर्न थालेको उनले बताए । उनले भने, "कोरियाबाट मेवा खेतीसम्बन्धी तालिम लिएर नेपाल फर्किएपछि अहिले व्यावसायिक रूपमा खेती गर्न थालेको एक वर्ष भयो । अहिले मेवा बगैँचामा दैनिकी बित्ने गरेको छ ।" करिब रु दुई लाख ५० हजार लागतमा १० कठ्ठा जग्गामा ८०० मेवाका बिरुवाबाट खेती सुरु गरेको बताउँदै सहानीले अहिलेसम्म रु तीन लाखको मेवा बिक्री गरिसकेको जानकारी दिए । नारायणी नदीको नजिक मेवा खेती गरिरहेकाले बाढीले कुनै क्षति गरेन भने यस वर्ष रु सात लाखभन्दा बढीको मेवा बिक्री गर्ने लक्ष्य रहेको उनले बताए । उनका अनुसार परासी, मणिग्राम, भुमही र भैरहवाका व्यपारीले प्रतिकिलो रु ५० का दरले खेतबाटै खरिद गरेर लैजान्छन् । "रेडलेडी ७८६ ताइवान जातको मेवा हो, यो जातको मेवा बलौटे (दोरस) माटोमा फल्छ", सहानीले भने । जिल्लामा एक जनाले मात्र व्यावसायिक रूपमा मेवा खेती गरेका बर्दघाट सुस्ता पश्चिम नवलपरासी कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख शिवप्रसाद अर्यालले जानकारी दिए । मेवा खेतीसम्बन्धी अरु किसानलाई ज्ञान नभएको, सबै ठाउँमा दोरस माटो नभएकोलगायत कारणले अरू किसानले मेवाखेतीमा रुचि नदेखाएका उनको भनाइ छ । *-रासस*

# आज बौद्धिक सम्पत्ति दिवस मनाइँदै




**पाल्पा,** बैशाख ११/आज नेपालसहित विश्वभर बौद्धिक सम्पत्ति दिवस मनाइँदै छ । विश्व बौद्धिक सम्पत्ति संघ (विपो) को पहलमा सन् २००० को अप्रिल २६ देखि विज्ञान तथा प्रविधि, कला तथा साहित्य र उद्योग तथा व्यापार क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा सघाउ पुऱ्याउने उद्देश्यले विश्वभर हरेक वर्ष यो दिवस मनाइने गरिएको हो ।

नेपाल विपोको सदस्य राष्ट्र हो । विपोको बौद्धिक सम्पत्तिसम्बद्ध विश्वका आविष्कारक, नवप्रवर्द्धक, लेखक, सर्जकलाई एक-आपसमा जोडी सम्बन्ध विस्तार गर्ने तथा उनीहरूको सिर्जना र प्रतिभालाई प्रवर्द्धन गरी जनचेतना फैलाउने नीति रहेको छ । कुनै पनि व्यक्तिको बुद्धी एवं ज्ञान बौद्धिक सम्पत्ति हो, यो भौतिक सम्पत्तिभन्दा पनि ठूलो हुन्छ । अहिलेको युग अर्थात समय ज्ञानको युग हो । हरेक विकास व्यक्तिको ज्ञानका आधारमा अगाडि बढेको छ । आज प्रत्येक व्यक्ति वा संस्थाले आनो बौद्धिक सम्पत्तिको उपयोग गरेर भौतिक वस्तु विक्रि गरेको आम्दानी भन्दा धेरै आम्दानी गर्दै आएको छ । त्यसैले बौद्धिक सम्पत्ति वर्तमान युगको पहिलो हतियार हो भन्दा अन्यथा हुदैछ । बौद्धिक ज्ञान र अधिकारका कारण नै मानिसहरू नयाँ खोज र आविष्कार गर्न उत्साहित हुने गरेका छन् । तर बौद्धिक सम्पत्तिको अधिकार संरक्षण चुनौति बनेको छ । नेपालमा बौद्धिक सम्पत्ति जगेर्ना गर्न कानूनहरु निर्माण गरिएको भएपनि बौद्धिक सम्पत्ति चोरी तथा अनुमति नलिई प्रयोग गर्ने क्रम निरन्तर जारी छ । यसबाट व्यक्तिको अधिकार कुण्ठित हुदै आएको छ भने राष्ट्रले आफुनो सम्पत्ति गुमाउदै आएको छ । नेपालमा पर्याप्त मात्रामा सिर्जना भएका छन्, नविन आविष्कार भएका छन् । जसले मानव समाजलाई ठुलो योगदान दिएको छ । तर, त्यसलाई संरक्षण गर्न सकिएको छैन । एउटा स्रष्टाले जीवनको महत्वपूर्ण समय सिर्जनमा बिताउँछ । तर, उसको त्यो सिर्जना अर्कैले चारी गरि त्यसको लाभ लिन पुग्छ । यसले व्यक्तिले मात्र होइन राष्ट्रले पनि गुमाएको छ ।

## तानसेनमा विद्यार्थीले...

...विद्यालयले कितावी ज्ञानसँगै समय-समयमा व्यवहारिक अभ्यास गराउदै आएको छ । विद्यार्थीहरुलाई स्थानीयदेखी राष्ट्रियस्तरका विभिन्न विषयबस्तुमा व्यबहारिक अभ्यास गराउँदै आइएको विद्यालयका प्रधानाध्यापक कृष्ण बहादुर थापाले बताए । उनका अनुसार विद्यार्थीले टिभी, मोवाईलमा हेर्दै, पाठ्यपुस्तकमा पढ्दै आएको संसदीय अभ्यासलाई नियम कानुन र संविधान अध्ययन सहित संसदमा हुने गतिविधीहरुलाई नमुना युवा संसद कार्यक्रम मार्फत अभ्यास गराएको हो । विद्यालयले अन्य समयमा पनि कितावी ज्ञान मात्र नभई विषयबस्तुमा आधारित रहेर व्यबहारिक अभ्यास गराउदै आएको र सो अभ्यासले बालबालिकालाई राम्रो अवसर प्रदान गरेको कार्यक्रम अवलोकन कर्ता विद्यालय व्यबस्थापन समितिकी अध्यक्ष उमादेवी अर्यालले बताईन् । बालबालिकाको चौतर्फी क्षमता विकास गर्न, कितावी ज्ञानलाई व्यवहारिक ज्ञानमा परिणत गर्न, साथै वर्तमान अवस्थामा नेपालको शिक्षाको अवस्था बारे बालबालिकालाई जानकारी गराउन विद्यालयमा नमुना युवा संसद कार्यक्रममा बालबालिकालाई सहभागी गराएको टोनी हागन फाउण्डेसन नेपालका सचिव एव पुर्व संसद फटिक थापाले बताए । नमुना युवा संसदमा विद्यार्थी बालबालिकाहले निकै राम्रो प्रतिभा देखाएका छन्, संसदको विधी नियम प्रक्रियाहरु पालना गरेका छन्, संविधानका धाराहरु समेत अध्यन गरेर कार्यक्रमलाई उत्कृष्ट बनाएको कार्यक्रम संयोजक कृष्ण प्रसाद पाण्डेले बताए

**दमकडा माविमा पनि संसदीय अभ्यास**

यस्तै. तानसेन नगरपालिका-९ स्थित दमकडा नमुना माध्यमिक विद्यालयमा पनि नमूना युवा संसद् अभ्यास गराईको छ । त्यहाँ पनि विद्यालय र टोनी हागन फाउन्डेसनको आयोजनामा अभ्यास गराइएको हो । विद्यार्थीलाई संसदको बैठक प्रक्रिया बारे जानकारी दिन, उनीहरूको तर्क गर्ने क्षमताको विकास गर्न र लोकतन्त्रमा अभ्यस्त बनाउन कार्यक्रम आयोजना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार अर्यालले जानकारी दिए । विद्यार्थी सहभागीहरूले सभामुख, मन्त्री, सांसद, मर्यादापालक, संसद् सचिवालयका कर्मचारी र पत्रकारको भूमिका निर्वाह गरेका थिए । नमुना संसदमा रोशनी पाण्डेले राखेको संकल्प प्रस्तावमाथिको छलफलमा मोहित कोइराला, खुसी सारू, पवन बस्याल, अनिश्चित पाण्डेय, प्रासना ढुंगाना, रीजह्न अधिकारी लगायतले भाग लिएका थिए । सांसदहरूले उठाएका प्रश्नको जवाफ नमूना गृहमन्त्री सदीक्षा पराजुलीले दिएकी थिइन् । कार्यक्रमकी सभामुख ओजस्वी आचार्यले संकल्प प्रस्ताव बहुमतले पास भएको घोषणा गरेकी थिइन् । त्यसअघि शून्य समयमा सेजल बस्याल, रक्षा बस्याल, आयुष्मा पौड्याल, गुन्जन बस्याल, स्नेहा पाण्डे, रक्षा पाण्डे, मोनिका उचै, सुभेच्छा कार्की, प्रज्ञा न्यौपाने, मनिषा गाहा, अनु शर्मा, समज्ञ घिमिरे, दर्शन पुरी, बबिता ढकाल, रोजिन थापा, मेनुमा डिसुवा, लेखादेवी अधिकारी, पवी भट्टराईलगायतले समाजमा घटेका ज्वलन्त समस्याबारे सरकारको ध्यानाकर्षण गराएका थिए ।

## लुम्बिनी रोड रेस...

...प्रतियोगितामा द्वितीय र तृतीय स्थान लिने पुरुष तथा महिला खेलाडीलाई जनही रु ४५ हजार र रु २५ हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा पुरुषतर्फ नेपाली सेनाका अक्कल पालले ३२ मिनेट दुई सेकेन्डमा दूरी पार गर्दै चौथो हुँदा महिलातर्फ एपिएफकी फूलमाया रानाले ३९ मिनेट ४१ सेकेन्डमा दूरी पार गर्दै चौथो हुन सफल भए । चौथो स्थान प्राप्त गरेका पाल र रानाले नगद १५ हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । विजेता खेलाडीलाई पुरस्कार वितरण गर्दै प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिव तिरनदाज गौतमले खेलकुदको विकास, विस्तार तथा नयाँ प्रतिभा उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । *-रासस*

खेलकुद समाचार

## आईपीएल क्रिकेट गुजरात आरसीबीसँग पराजित



**काठमाडौं,** वैशाख १२/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसीबी) ले गुजरात टाइटन्सलाई ५ विकेटले हराएको छ । बेङ्गलुरुको एम. चिन्नास्वामी स्टेडियममा भएको खेलमा गुजरातले दिएको २०६ रनको लक्ष्य आरसीबीले १८ ओभर ५ बलमा ५ विकेट गुमाएर भेट्टायो । आरसीबीका विराट कोहली र देवदत्त पडिक्कलको अर्ध शतक खेले । कोहलीले ८१ रन र पडिक्कलले ५५ रन बनाए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको गुजरातले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर २०५ रन बनाएको थियो । गुजरातका साई सुदर्शनले ५८ बलमा शतक बनाए पनि टोलीलाई जिताउन सकेनन् । आरसीबी ७ खेलमा १० अङ्कसहित तालिकाको दोस्रो स्थानमा छ । समान ७ खेलमा ६ अङ्कसहित गुजरात सातौं स्थानमा छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## रामपुर नगर सरकारले दियो प्रहरीलाई विपद् उद्धार सामग्री



**पाल्पा,** वैशाख १२/जिल्लाको रामपुर नगरपालिकाले सशस्त्र प्रहरीलाई विपद् उद्धार सामग्री हस्तान्तरण गरेको छ । विपद् व्यवस्थापन तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन नगर सरकारले सशस्त्र प्रहरी बललाई आवश्यक सामग्री हस्तान्तरण गरेको हो ।

उसले सशस्त्र प्रहरी बल नेपाल, नं. ३५ गुल्म तानसेनलाई बाढी, पहिरो, आगलागी लगायत विभिन्न विपद्को समयमा उद्धारका लागि प्रयोग हुने सामग्री उपलब्ध गराएको छ । नगरपालिकाले डायनामिक रोप, अटो लकिङ क्याराबिनर १४ थान, सिट हार्नेस ४ थान, फिगर एट ४ थान र १ सय मिटर पर्सनल रोप प्रदान गरेको हो । सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख रमण बहादुर थापाले विपद्को समयमा जिल्लाका जुनसुकै स्थानमा पुगेर उद्धार कार्य गर्न सहज होस् भन्ने उद्देश्यले सामग्री प्रदान गरिएको बताए । उनले सुरक्षाकर्मीहरू सधैं अग्रपंक्तिमा रहेर जोखिमपूर्ण अवस्थामा काम गर्ने भएकाले सुरक्षित र व्यवस्थित उद्धारका लागि यस्ता सामग्री आवश्यक हुने उल्लेख गरे । उनले उद्धार कार्यको प्रभावकारिता प्रयोग गरिने सामग्रीमा निर्भर रहने उल्लेख गर्दै विपद्बाट हुने क्षति न्यूनीकरणका लागि पूर्वतयारी आवश्यक रहेको बताए । साथै, नगरपालिकासहित समग्र जिल्लामा हुने विपद्जन्य घटनामा उच्च मनोबलका साथ सक्रिय रूपमा सहभागी हुन सुरक्षाकर्मीहरूलाई आग्रह गरे । सामग्री बुझ्दै शसस्त्र प्रहरी बल नेपाल, नं. ३५ गुल्म तानसेनकी प्रहरी नायब उपरीक्षक झुपा कुमारी पन्थीले नगरपालिकालाई धन्यवाद व्यक्त गर्दै उपलब्ध सामग्रीले विपद्को समयमा उद्धार कार्यलाई थप सहज र प्रभावकारी बनाउने बताइन् । उनले उद्धार सामग्रीको अभावमा क्षति बढ्ने भएकाले स्थानीय तहहरूले विपद् पूर्वतयारीमा जोड दिनुपर्ने आवश्यकता औंल्याइन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई